# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## डडेल्धुरा
## सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.नं. : ४८६

फोन नं.: ०९६-४१०२२२, ९८५८७७७०४७
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np


मिति:२०८०।०६।२९

श्री सम्बन्धित विद्यालयहरू
अमरगढी नगरपालिका, डडेल्धुरा।

**विषय:- कक्षा ६-८ शिक्षण सहयोग अनुदान निकासा सम्बन्धमा।**

प्रस्तुत विषयमा शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ को व्यवस्थाअनुसार कक्षा ६-८ सञ्चालित कुनैपनि शिक्षक दरवन्दी नभएका यस नगरपालिका अन्तर्गतका विद्यालयहरूका लागि नेपाल सरकारबाट 'आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान' शीर्षकमा सशर्त हस्तान्तरित क्रियाकलाप अन्तर्गत आ.व. २०८०।०८१ का लागि हाललाई ६ महिनाको पारिश्रमिक र चाडपर्व खर्च समेत तहाँ विद्यालयको खातामा निकासा गरिएकाले प्राप्त अनुदानबाट तपसिल बमोजिम गर्न गराउनहुन अनुरोध छ।

**शिक्षण सिकाइ सहयोग अनुदान निकासा गरिएका विद्यालयहरू**

| सि.नं. | विद्यालयको नाम | अनुदान रु. | कैफियत |
|---|---|---|---|
| १ | असिग्राम आ.वि. लिटिरीगाउँ | २४३११०।- | मासिक रु.३४७३०।- का दरले ६ महिनाको पारिश्रमिक र एक महिना बराबरको चाडपर्व खर्च |
| २ | सिद्धनाथ आ.वि. चिरकिट्टे | २४३११०।- | |
| ३ | निलकण्ठ आ.वि. लरडा | २४३११०।- | |
| ४ | बैजनाथ आ.वि. हरडी भलिया | २४३११०।- | |
| ५ | त्रिपुरा सुन्दरी आ.वि. बिरखम्ब | २४३११०।- | |

**अनुदान प्राप्त गर्ने विद्यालयले अनुदान व्यवस्थापनका लागि सम्पादन गर्नुपर्ने कार्यहरू:**

१. विद्यालय व्यवस्थापन समितिले यस्तै अनुदान अनुरुप शिक्षण सेवा करारमा लिई कार्यरत व्यक्तिको शिक्षण कार्य सम्पादनका आधारमा प्राथमिकता दिई पुनः करार गर्न सकिने। (यस आ.व.मा बढीमा ६ महिनाका लागि पुनः करार गरिसकेका विद्यालयले यसै अनुरुप खर्च गर्न सक्ने)

२. कोटा अनुसारको पद रिक्त रहेको भए विद्यालयको आवश्यकता बमोजिम सम्बन्धित तहको विषयगत शिक्षक (अंग्रेजी,गणित वा विज्ञान) प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा गर्ने।

३. नयाँ छनौट भएका शिक्षकलाई विद्यालयले करार सम्झौता गर्ने। करार अवधि बढीमा ६ महिनासम्म (२०८१ असार मसान्त ननाघ्ने गरी) मात्र हुने व्यवस्था मिलाउने।

४. पारिश्रमिकमा नियमानुसार करकट्टी गरी दाखिला गरेको र पारिश्रमिक भुक्तानी गरेको भर्पाई वा बैङ्क दाखिला प्रमाण यस कार्यालयमा अनिवार्य रुपमा पेश गर्ने। अनुदान रकम नियमानुसार खर्च भएको यकीन भएपश्चात मात्रै बाँकी अवधिको अनुदान निकासा गरिनेछ।

५. अन्य व्यवस्था शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि २०७७ को व्यवस्थाबमोजिम हुने।

प्रमुख प्रशासकीय अधिकृत
लक्ष्मीप्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं.: ०९६-४१०२२२, ९८५८७७७०४७
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np


प.स. : ०८०/०८१
च.नं. : ४८८

मिति:२०८०।०६।२९

श्री राष्ट्रिय वाणिज्य बैङ्क
शाखा कार्यालय, डडेल्धुरा ।

**विषय:- विद्यालयको खातामा रकम जम्मा गरिदिनहुन ।**

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गतका विद्यालयहरूका लागि निकासा गरिएको शिक्षण सहयोग अनुदानवाफतको संलग्न चेकको रकम देहाय अनुसारका विद्यालयहरूको खातामा जम्मा गरिदिनहुन अनुरोध छ ।

| क्र. सं. | विद्यालयको नाम | कोड नं. | ठेगाना | च.हि. नं. | निकासा गरिएको रकम रु. |
|---|---|---|---|---|---|
| १ | असिग्राम आधारभूत विद्यालय | ७३००३०००८ | अमरगढी-११, लिटिरीगाउँ | १०११ | २४३११०।- |
| २ | सिद्धनाथ आधारभूत विद्यालय | ७३००३००११ | अमरगढी-३, चिरकिट्टे | ११३२ | २४३११०।- |
| ३ | निलकण्ठ आधारभूत विद्यालय | ७३००३००१६ | अमरगढी-३, लरडा | ६५० | २४३११०।- |
| ४ | बैजनाथ आधारभूत विद्यालय | ७३००३००१८ | अमरगढी-४ भलिया | ९३७ | २४३११०।- |
| ५ | त्रिपुरासुन्दरी आधारभूत विद्यालय | ७३००३००१९ | अमरगढी-२, विरखम्ब | १९ | २४३११०।- |
| | | | जम्मा: बाह्र लाख पन्ध्र हजार पाँच सय पचास मात्र । | | १२,१५,५५०।- |

लक्ष्मीप्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत